TRIBHUVAN UNIVERSITY
महेन्द्ररत्न क्याम्पस
MAHENDRA RATNA CAMPUS
4-271709
4-271728
P.O.Box: 1048
Tahachal, Kathmandu.
Ref No.:-

# विज्ञ समीक्षित शिक्षक जर्नल लेखक निर्देशिका

## (Peer Reviewed Teacher Journal Guidelines for Authors)

आदरणीय विज्ञ लेखक,

निर्देशिकाअनुसार आआफ्नो लेख तयार पारी समयमै उपलब्ध गराइदिनु हुन ।

## शिक्षक जर्नल

शिक्षक जर्नल त्रिवि महेन्द्ररत्न क्याम्पस ताहाचलद्वारा नियमित प्रकाशित हुने बहुविधात्मक (Multidisciplinary) विज्ञ समीक्षित अनुसन्धानात्मक पत्रिका (peer reviewed research journal) हो । यसमा यस क्याम्पसमा कार्यरत शिक्षक-कर्मचारीहरूका सामान्य तथा अनुसन्धानात्मक लेख प्रकाशन गर्दै आइएकोमा यस अङ्कदेखि विश्वविद्यालय एवम् स्वदेश तथा विदेशका अन्य निकायमा कार्यरत सबै विज्ञ लेखकले एक्लै वा धेरैजना मिलेर तयार गरिएका तथ्याङ्कपरक अनुसन्धानात्मक शैक्षिक-प्राज्ञिक लेखसमेत प्रकाशन गर्न सकिनेछ । यस जर्नलमा पूर्व शोध समीक्षा, पुस्तक समीक्षा, भाषा शिक्षण सिकाइ, विज्ञान तथा प्रविधि आदि भाषिक-शैक्षिक, आर्थिक-शैक्षिक, सामाजिक-शैक्षिक, सांस्कृतिक-शैक्षिक, प्रशासनिक-शैक्षिक आदि विविध विषयका लेखहरू ग्राह्य हुनेछन् । प्रस्तुत अङ्कदेखि यसलाई NepJOL (Nepal Journals Online) अन्तर्गत लगिने हुनाले विज्ञ लेखकले त्यसअनुसारका अनुसन्धानात्मक शैक्षिक लेखहरू तयार पारी तोकिएको समयमा पठाउन सक्नुहुनेछ ।

## लेख गुणस्तरीयताका आधार

यस जर्नलमा तथ्य, तथ्याङ्क तथा आधिकारिक सूचनासहित बहुविषयक शैक्षिक दायरालाई पूर्णतः समेट्न सक्ने, विभागीय अनलाइन जर्नल प्रविष्टि (Departmental Online Journal Entry, DOL) नियमअनुसार त्रिवि अनुदान आयोगबाट प्रकाशित जर्नलका लेखसमकक्षी गुणस्तरीय, बौद्धिक एवम् मौलिक हुनुपर्नेछ ।

## लेख प्रकाशनका आधार

जर्नलका लागि लेखहरू सम्पूर्णतः शैक्षिक दायराभित्र विज्ञ समीक्षकको सल्लाहअनुसार सम्पादित र सम्पादक मण्डलबाट स्वीकृत हुनुपर्नेछ । ती विज्ञहरूको सुझावअनुसार गुणस्तरीयताका आधारमा जस्ताको तस्तै, केही सच्याएपछि, धेरै सच्याएपछि र पुनलेर्खन गराएपछि प्रकाशन योग्य हुनेछन् । ती चारमध्ये पहिलोबाहेक अन्य आधार पूरा नभई आएका लेखहरू नछाप्ने अधिकार सम्पादक मण्डलमा सुरिक्षित हुनेछ । लेख प्रकाशन गर्नुअघि विज्ञबाट त्यसको Plagiarism को जाँच अनिवार्य गराइनेछ ।

## विज्ञ समीक्षाका आधार

लेखको विज्ञ समीक्षा single-spaced blinded manuscript अनुरूप अर्थात् लेखमा लेखकको नाम आदि हटाई सङ्केत नं. दिएर विज्ञकोमा पढाइने कुरा कडाइका साथ लागु गरिनेछ ।

## लेखको भाषा, शब्दसङ्ख्या र ढाँचा

लेख नेपाली र अङ्ग्रेजी भाषामा लेखिएको हुनुपर्नेछ । लेख सामान्यतः ३०००-५००० शब्दसङ्ख्याको हुनुपर्ने र सम्पूर्ण ढाँचा एपिए सातौं संस्करणअनुसार हुनुपर्नेछ ।

## लेखकको प्राज्ञिक विवरण (सुरुमा एक पटक मात्र)

लेखकले लेख बुझाउन आउँदा नै पत्राचार ठेगाना, इमेल, फोन र मोबाइल नम्बर, लेखकको व्यावसायिक वा शैक्षिक सम्बद्धता, जिम्मेवारीको समूह (बिहान, दिउँसो र बेलुका) र प्रकार (शैक्षिक, प्रशासनिक- शैक्षिक, आर्थिक-शैक्षिक आदि), लेखको शीर्षक, विषय, सो शीर्षक छनोटको कारण, समेट्ने क्षेत्र र शैक्षिक गुणस्तर वृद्धिमा यसले पुऱ्याउने योगदानसहितको संक्षिप्त प्राज्ञिक विवरण छुट्टै पानामा बुझाउनुपर्नेछ । त्यस्तो विवरण यदि एकभन्दा बढी लेखक भएको हकमा कुनै एकजनाको पठाउन सक्नुहुनेछ ।

## लेखको मूल स्वरूप

लेखमा शीर्षक, लेखसार, शब्दकुञ्जी, विषयप्रवेश/पृष्ठभूमि/परिचय/सन्दर्भ, समस्या, शोधप्रश्न, उद्देश्य तथा महत्त्व र परिसीमा (आवश्यकताअनुसार), पूर्वकार्यहरूको पुनरावलोकन ¿सैद्धान्तिक कार्य, अवधारणात्मक ढाँचा (आवश्यकताअनुसार) र प्रायोगिक कार्यÀ अध्ययन

विधि र प्रक्रिया, विश्लेषण/छलफल, प्राप्ति@निष्कर्ष, शैक्षिक उपादेयता (आवश्यकताअनुसार) सन्दर्भसूची (वर्णानुक्रममा) र अनुसूची (आवश्यकताअनुसार) क्रमशः आउनुपर्नेछ ।

## लेखको संरचनागत विस्तृतीकरण

**लेखको शीर्षक**-लेखको शीर्षक आफ्नो जानकारीभित्रको, सङ्क्षिप्त, सूचनामूलक र अनुसन्धेय हुनुपर्नेछ । यो बढीमा १२० अक्षरसम्म (१२ शब्दसम्मको) को हुनुपर्नेछ । यसभन्दा ठिक तल दायाँ किनारामा लेखकको नाम र पद आउनुपर्नेछ ।

**लेखसार**-यसमा शीर्षकको क्षेत्र, शोधप्रश्न वा उद्देश्य, विधि र प्राप्ति सङ्क्षिप्तमा समेटिनुपर्नेछ । यो १५०-२०० शब्दसम्म मात्र विस्तारित हुनुपर्नेछ ।

**शब्दकुञ्जी**-यसमा लेखभित्र सबभन्दा महत्त्व राख्ने शब्द र पदावलीस्तरका पाँच संरचना रहनुपर्नेछ, ती क्रमशः शोधप्रश्न र उद्देश्यसँग सम्बन्धित हुनुपर्नेछ । यस्ता शब्दको अर्थ अन्य सन्दर्भमा फरक हुनसक्ने भएकाले लेखभित्र कार्यमूलक परिभाषा आउने शब्दहरू मात्र वर्णानुक्रममा राख्नुपर्नेछ ।

**लेखको मूल भाग**-यसअन्तर्गतविषयप्रवेश/पृष्ठभूमि/परिचय/सन्दर्भ, समस्या, शोधप्रश्न, उद्देश्य, पूर्वकार्यहरूको पुनरावलोकन ¿सैद्धान्तिक कार्य, अवधारणात्मक ढाँचा (आवश्यकाताअनुसार), र प्रायोगिक कार्यÀ तथ्याङ्क/सूचना सङ्कलन विधि तथा प्रक्रिया, तथ्याङ्क/सूचनाको विश्लेषण,प्राप्ति/निष्कर्ष, शैक्षिक उपादेयता ( आवश्यकताअनुसार), सन्दर्भसूची र अनुसूची (आवश्यकताअनुसार) क्रमशः रहनुपर्नेछ ।

**लेखको फन्ट**

अ) **नेपाली भाषा**- Preeti Font मा मूल शीर्षक २०, प्रथम उपशीर्षक १८, द्वितीय उपशीर्षक १६ गाढा र पेटभागको प्रस्तुति १६ को हुनुपर्ने ।

आ) **अङ्ग्रेजी भाषा**- Times New Roman Font मा मूल शीर्षक १८, प्रथम उपशीर्षक १६, द्वितीय उपशीर्षक १२ गाढा र पेटभागको प्रस्तुति १२ को हुनुपर्नेछ ।

**लेखको ठाउँ छोडाइ**-बायाँ किनारा 1 ½,” दायाँ किनारा ¾” , माथि 2” र तल 1” तथा बिच पङ्क्तिको अन्तराल 1 ½” हुनुपर्नेछ ।

## लेख फिर्ता र सुधारका आधार

जर्नल प्रकाशनमा प्रकाशन नैतिकता (**Publication Ethics**) कायम गर्नका लागि प्रकाशन नैतिकता समिति (**COPE : Committee on Publication Ethics, linke : https://publicationethics.org/guidance/Guideline**) द्वारा स्थापित मानक एबम् सर्बोपरी मापदण्डको पालना गरिनेछ । यदि लेखकद्वारा कुनै त्रुटि गरेको पाइएमा सम्पादक मण्डलले शुद्धिपत्र जारी गर्नेछ । लेख प्रकाशनमा असाधारण अवस्था देखिएमा त्यस्तो लेख अनलाइन प्रकाशनबाट फिर्ता लिन सकिनेछ ।

## लेख प्रकाशनका थप नियमहरू :

- लेख एक लिखित प्रति (Hard copy) आफैँ उपस्थित भएर क्याम्पसमा तथा एक अनलाइन प्रति (Sopt copy) तोकेको समयभित्र क्याम्पसको journal@mrc.tu.edu.np नामक Mail मार्फत् पठाउनुपर्नेछ ।
- लेखको Microsoft word file मा शीर्षकअनुसारका चार्ट, चित्र, तालिका, स्तम्भचित्र र अन्य आवश्यक सूचनामूलक सामग्रीहरू राख्न सकिनेछ ।
- लेख एकातिर मात्र लेखिएको हुनुपर्नेछ ।
- लेख सम्पूर्णतः सम्पादित, मौलिक र आधिकारिक स्रोतसहितको हुनुपर्नेछ ।
- लेखको प्रतिपादन र विश्लेषणको क्रममा लिइएका सैद्धान्तिक र संरचनागत आधारहरू, अपनाइएका विधि तथा प्रक्रियाहरू, आवश्यक सामग्रीका स्रोतहरू आदिप्रति लेखक स्वयम् जवाफदेही हुनुपर्नेछ ।
- लेख सम्पूर्णतः शैक्षिक-प्राज्ञिक, अनुसन्धानात्मक तथा तोकेको ढाँचा र शब्दसङ्ख्याभित्र सम्पादिन भएको हुनुपर्नेछ ।
- लेख कतैबाट सारिएको अनि संरचनागत तथा पद्धतिगत भाषिक त्रुटियुक्त भएमा विज्ञकोमा नपठाई लेखकलाई पुनर्लेखनको एक अवसर प्रदान गरिनेछ तर त्यसलाई गम्भीरतापूर्वक ग्रहण नगरी जस्ताको तस्तै फिर्ता गरेमा वा आंशिक मात्र सच्याई बुझाएको प्रमाणित भएमा त्यसलाई अस्वीकृतसमेत गर्न सकिनेछ ।
- लेखको पहिलो प्रति २०८० साल फागुन १५ गतेभित्र पठाइसक्नुपर्नेछ । त्यसपछि प्राप्त भएका लेखहरू अर्को अङ्कका लागि सुरक्षित हुनेछन् ।
- लेखको प्रारम्भिक समीक्षा (Pree Reviewe) सम्पादक मण्डल (Editorial Board) बाट (एक हप्ताभित्र, २०८० ।११ ।२२) गरेपछि मात्र विज्ञ समीक्षककोमा पठाइनेछ ।
- लेख समीक्षककोमा मिति २०८० साल फागुन मसान्तभित्र पठाइनेछ ।
- विज्ञ समीक्षा मिति २०८० साल चैत्र १५ गतेभित्र सक्नेगरी व्यवस्थापन गरिनेछ ।

- लेखकले लेख परिमार्जनको काम मिति २०८० साल चैत्र मसान्तभित्र सम्पन्न गरी परिमार्जित दोस्रो प्रति पठाइसक्नुपर्नेछ ।
- लेख विज्ञबाट फिर्ता आएपछि दिइएको सल्लाहअनुसार तोकिएको समयभित्र आंशिक वा व्यापक जे भनिएको हो सोअनुसार सच्याई पठाउनुपर्नेछ ।
- जर्नल प्रकाशनको काम मिति २०८१ बैशाखभित्र गरिसक्ने गरी व्यवस्थापन गरिनेछ ।
- लेख प्रकाशनको सवाल ¿१.अस्वीकार (Reject) २. स्वीकार (Accept), ३. प्रमुख संशोधनसहित स्वीकार (Resubmit with major revisions) ४. आंशिक संशोधनसहित स्वीकार (Resubmit with minor revisions)À गर्ने कुरामा सम्पादक मण्डलबाट हुने निर्णय नै अन्तिम हुनेछ ।